**मिति २०७७ जेठ ८ गते बसेको ५९ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. आर्थिक ऐन, २०७६ संशोधन सम्बन्धमा ।
२. कार्यदल गठन गर्ने सम्बन्धमा ।
३. क्वारेन्टाईन व्यवस्थापन सम्बन्धमा ।
४. Vantilator खरिद गर्ने सम्बन्धमा ।
५. पदाधिकारी मनोनयन सम्बन्धमा ।
६. गाडी भाडामा लिने सम्बन्धमा ।
७. वडा स्तरीय सिचाई, बोरिङ्ग सम्बन्धमा ।
८. सर्वोत्तम मल्टि प्रोडक्ट्स प्रा.लि.लाई उद्योग स्थापनाका लागि सिफारिस गर्ने सम्बन्धमा ।
९. नदीजन्य पदार्थ उत्खनन् तथा विक्रि वितरण कार्यमा कर्मचारी खटाउने सम्बन्धमा ।
१०. प्रोत्साहन भत्ता सम्बन्धमा ।
११. जीवन बिमा सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** आर्थिक ऐन, २०७६ मा छुट र मिनाहा गर्ने व्यवस्था नभएकोले विषम परिस्थितिमा छुट, मिनाहा गर्न सकिनेछ भन्ने व्यवस्था राखी संशोधन प्रस्ताव विद्येयक समिति मार्फत पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.२ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र रहेको गोदावरी, खैराना र खुटिया खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न तथा विक्रि सम्बन्धमा निर्माण कम्पनीबाट कोरोना संक्रमणको कारण उत्पन्न बन्दाबन्दीको अवस्थामा छुट र मिनाहाको लागि प्रेषित निवेदन उपर कारवाही गर्न तपशिलको कार्यदल गठन गरी छुट मिनाहाको लागि प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

**तपशिल :**

| | | |
|---|---|---|
| वडा नं. २ वडाध्यक्ष श्री कृष्णराज जोशी | - | संयोजक |
| वडा नं. ८ वडाध्यक्ष श्री नरेश बहादुर अधिकारी | - | सदस्य |
| वडा नं. ४ वडाध्यक्ष श्री प्रेम बहादुर भण्डारी | - | सदस्य |
| वडा नं. ९ वडाध्यक्ष श्री लहानु चौधरी | - | सदस्य |
| लेखा अधिकृत श्री रामचन्द्र जोशी | - | सदस्य |
| ईन्जिनियर श्री पूर्ण कुवँर | - | सदस्य |
| प्रशासकिय अधिकृत श्री लोक बहादुर खड्का | - | सदस्य |

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्रका मानिसहरु बाहिरी देशबाट आउने क्रम जारी रहेको हुदा कोरोना रोकथाम तथा व्यवस्थापनका लागि प्रत्येक वडामा क्वारेन्टाईन राख्न वडा समितिले उपर्युक्त ठाँउ पहिचान गरी क्वारेन्टाईन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** विश्वभर फैलिरहेको कोरोना भाईरस कोभिड-१९ को रोकथाम तथा व्यवस्थापन कार्यका लागि यस गोदावरी नगरपालिका अर्न्तगत रहेको मालाखेती अस्पतालमा Isolation Ward स्थापना गरी उक्त अस्पतालको लागि २ थान Vantilator खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिकाको श्रमिक परिचय पत्र वितरण कार्यविधि, २०७६ को बुदा नं. ४ बमोजिमको समितिमा नगर प्रमुखज्यूको संयोजकत्वमा तपशिलका पदाधिकारीहरु मनोनयन गर्ने निर्णय गरियो ।

**तपशिल :**

**कार्यपालिका सदस्यहरुबाट :** वडाध्यक्ष श्री कृष्णराज जोशी, कार्यपालिका सदस्य श्री कृति कामी, कार्यपालिका सदस्य श्री राधा कुमारी जैशी

**ट्रेड यूनियनको तर्फबाट :** श्री धनराज विष्ट जोशी गो.न.पा.२, दिपेन्द्र कुमार खत्री गो.न.पा. ३, श्री बाजी कामी गो.न.पा. २

**निर्णय नं.६ :** विश्वभर फैलिरहेको कोरोना भाईरस कोभिड-१९ रोकथाम तथा व्यवस्थापन कार्यका लागि वडामा स्थापना भएका क्वारेन्टाईनको अनुगमन कार्यका लागि १ ओटा गाडी भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस गोदावरी नगरपालिका अर्न्तगतका वडा स्तरिय सिचाई, बोरिङ्ग खरिद गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.८ :** सर्वोत्तम मल्टी प्रोडक्टस् प्रा.लि.ले गो.न.पा. वडा नं. ६ भुयरामा प्लाष्टिक उद्योग स्थापनाका लागि वातावरणिय प्रभाव तथा असर नपर्ने गरी उद्योग स्थापनाका लागि नियमानुसार सम्बन्धीत निकायमा दर्ताका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस गोदावरी नगरपालिका क्षेत्रमा रहेको गोदावरी, खुटिया र खैराना खोलाको नदीजन्य पदार्थको उत्खनन् तथा विक्रि कार्यको ठेकदार पक्षबाट भईरहेको कार्यलाई सहजीकरण तथा सहयोग गर्न यस कार्यालयबाट आवश्यक कर्मचारीहरु खटाउने निर्णय गरियो ।

**निर्णय नं. १० :** स्वास्थ्य मन्त्रालयबाट जारी प्रोत्साहन भत्ता सम्बन्धी निर्देशिका, २०७६ र कार्यालयको आन्तरिक श्रोतसमेतलाई मध्यनजर गरी कोरोनाका बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरु, नमुना संकलन तथा परिक्षणमा खटिएका स्वास्थ्यकर्मीहरुलाई सुरु तलबमानको ७५ प्रतिशत, अन्य स्वास्थ्यकर्मी र एम्बसलेन्स चालकलाई सुरु तलबमानको ५० प्रतिशत र कोरोना कोभिड १९ को न्यूनिकरणका लागि व्यवस्थापन कार्यमा खटिने कार्यालय र अर्न्तगतका अन्य कर्मचारीहरुलाई सुरु तलबमानको ३० प्रतिशत प्रोत्साहन भत्ता मिति २०७६/१२/११ गते देखि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११ :** कोरोना भाईरस कोभिड १९ न्यूनिकरण तथा नियन्त्रणमा खटिएका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरुको प्रतिव्यक्ति रु. ५ लाख बराबरको कोरोना तथा दुर्घटना जीवन बिमा गर्ने निर्णय गरियो ।